राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २९५ ॥ २०८१ पुष ०१ गते सोमबार (16th Dec 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

# झापा-११ पहिलो चरणबाटै बाहिरिएपछि घरेलु दर्शक निराश

बिर्तामोड(प्रस) । आयोजक झापा-११ एफसी झापा कपको पहिलो चरणबाटै बाहिरिएपछि हजारौ घरेलु दर्शक निराश बनेका छन् । आइतवार झापा ११ ले जित्ने भनेर उत्साहित भएर खेल हेर्न डोमालाल राजवंशी रंगशालामा हजारौ दर्शक खचाखच भरिएका थिए । तर, झापा ११ ले राष्ट्रिय जागृति क्लब इटहरीसंग २-० ले हार बेहोर्दै घरेलु दर्शकलाई निराश बनायो । ०-२ को स्थितिमा रहेको झापाले अब जित्न नसक्ने ठानेर आधा दर्शकहरुले खेल सकिनु अगावै रंगशाला छाडेका थिए भने केही समर्थकहरुले झापा अझै खेलमा फर्किन सक्ने भनेर खेलको अन्तिमसम्म पर्खेर बसेका थिए । आखिर झापा ११ ले कुनै पनि गोल गर्न सकेन । फिनिसिङमा तालमेल नमिल्दा आयोजक झापा-११ एफसी पहिलो चरणबाटै बाहिरिएको हो ।

स्टार खेलाडीले भरिएको झापा-११ ले खेल अवधिभर सशक्त आक्रमण गर्न सकेन । डोमालाल राजवंशी रंगशालामा जारी प्रतियोगिताको दोस्रो दिनको खेलमा आयोजक झापा-११ लाई २-० गोल अन्तरले पराजित गर्दै राष्ट्रिय जागृति क्लब इटहरी क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

क्वाटरफाइनलमा जागृतिले भारतको जिटिए दार्जिलिङसँगको भेट पक्का गरेको छ । राष्ट्रिय टिमका नियमित खेलाडी उत्सव राई, आयुष घलान, प्रशान्त लक्सम, डिफेन्डर देवेन्द्र तामाङसहित मैदानमा उत्रिएको झापाले



खेलमा फितलो प्रदर्शन गरेको थियो । जागृतिको जितमा मिलन राई नायक बने । उनले दोस्रो हाफको ५३ र ६२ औं मिनेटमा टिमको लागि गोल गर्न सफल भए । खेलको ५३ औं मिनेटमा गोलपोस्टको २० यार्डमा झापाका डिफेन्डर विशाल दर्जीले जागृतिका मिलन राईलाई फाउल गरेका थिए । त्यसपछि पाएको फ्रिकिकलाई राईले नै सुन्दर गोल गरे ।

खेलमा दोस्रो गोल राईले नै गर्न सफल भए । ६२ औं मिनेटमा झापाका दुईजना डिफेन्डरले क्लियर गर्न नसकेको बललाई राईले गोलमा परिणत गरे । गोलकिप्पर सन्दीप लिम्बूलाई बिट गर्दै गरेको प्रहारले जागृतिको अग्रता दोब्बर बनायो ।

खेलमा झापाको प्रदर्शन अपेक्षाकृत रहेन । विपक्षी पोस्टमा झापाले आक्रामक प्रयास गर्न सकेन । खेलको ४४ औं मिनेटमा झापाका दयानन्द सिंहले डिबक्समा पाएको अवसर बाहिरियो । ५७ औं मिनेटमा सिंहको लामो प्रहार विपक्षी गोलकिप्परले पञ्च गरेर बचाउ गरे । १८ औं मिनेटमा जागृतिका बिकु राईले पाएको बल गोल नहुँदा अग्रता लिने अवसरबाट बञ्चित भयो । ४१ औं मिनेटमा मिलन राईले डिबक्सबाट गरेको कडा प्रहार गोलकिप्पर सन्दीप लिम्बूले उत्कृष्ट बचाउ गरे ।

खेलको प्लेयर अफ द म्याच जागृतिका २ गोलकर्ता मिलन राई भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए । उनलाई झापा ११ का अध्यक्ष जलकुमार गुरुङलगायतले ट्रफी प्रदान गरे ।

सोमबारको पहिलो क्वाटरफाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र सलहेस फुटबल क्लब सिरहाबीच हुने आयोजकले जनाएको छ ।

आर्मीले पहिलो चरणको खेलमा एलएक्स सिटी फुटबल क्लब मोरङलाई हराएको थियो भने सलहेस क्लब सिरहा बाइ पाएर प्रतियोगितामा सहभागी भएको हो ।

शनिबारदेखि सुरु भएको प्रतियोगिताको फाइनल खेल पुस ८ गते हुनेछ । प्रतियोगिताको विजेताले नगद १० लाख तथा उपविजेताले नगद ५ लाख पुरस्कार पाउने आयोजक झापा ११ फुटबल क्लबका महासचिव गणेश पोखरेलले जानकारी दिए ।

प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार नगद पाउनेछन् । प्रतियोगिताको उच्च गोलकर्ता एकजना तथा उत्कृष्ट गोलकिप्पर एकजनालाई ३५ हजार नगद पुरस्कार प्रदान गरिनेछ । त्यस्तै, प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

प्रतियोगिताको सर्वोत्कृष्ट एकजना खेलाडीलाई मस्ट भ्यालुएवल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए ।प्रतियोगितालाई रोमाञ्चक बनाउँदै प्रोत्साहित गर्न बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन एकजना भाग्यशाली दर्शकलाई हिमस्टार टिभी प्रदान गर्दै आएको छ ।

# रविविरुद्धको अनुसन्धान प्रतिवेदन सोमबार पेस गरिँदै



झापा(प्रस) ।राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने कात्तिक २ गतेदेखि कास्की प्रहरीको हिरासतमा छन् । प्रहरीले उनीविरुद्ध सम्पत्ति शुद्धीकरण, सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान प्रतिवेदन तयार गरिरहेको छ । सोमबार उनीविरुद्धको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरिने नेपाल प्रहरीका एकजना उच्च अधिकृतले बताए । ती अधिकृत भन्छन्, ‘सोमबार प्रतिवेदन जान्छ ।’ अनुसन्धान प्रतिवेदन तयार गर्ने काम भइरहेको कास्कीका एसपी श्यामबावु ओलियाले बताए । उनले भने, ‘मुद्दाको टिमले प्रतिवेदनमा काम गरिरहेको छ ।’ उनीविरुद्ध प्रहरीले सम्पत्ति शुद्धीकरण, सहकारी ठगी तथा किर्ते र संगठित अपराध गरेको कसुरमा मुद्दा दायर गर्न सरकारी वकिललाई रायसहितको प्रतिवेदन बुझाउँदै छ । उनीविरुद्ध सम्बद्ध कसुरको सम्पत्ति शुद्धीकरण मुद्दा दायर हुनेछ ।

संसदीय विशेष छानबिन समितिले सूर्यदर्शन सहकारीको रकम गोरखा मिडिया नेटवर्क प्रालिमा लगेर अपचलन गरेको निष्कर्ष निकालेको छ । अपचलनमा संलग्न आरोपमा लामिछाने, पूर्वडीआईजी छविलाल जोशी, लिला पछाई, रामबहादुर खनाल र कृष्ण गुरुङ पक्राउ परेका हुन् । पूर्वडीआईजी जोशी असोज ६ मा पक्राउ परेका थिए । सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा ९० दिनभित्र उनीहरुविरुद्ध अदालतमा मुद्दा दर्ता गरिसक्नुपर्छ । जोशी पक्राउ परेको दिनबाटै अरू ४ जनाको म्याद मिलान भएको हुनाले पुस ५ मा कास्की जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नुपर्ने बाध्यता सरकारसँग छ । सूर्यदर्शन, स्वर्णलक्ष्मी, सहारा र सानोपाइला सहकारीबाट गोरखा मिडिया नेटवर्कमा ६५ करोड ५४ लाख रकम ल्याएर अपचलन गरेको सूर्य थापा नेतृत्वको संसदीय विशेष समितिको छानबिन निष्कर्ष छ । सूर्यदर्शनबाट मात्रै गोरखा मिडियामा ५ करोड ५८ लाख ल्याएको भेटिएको छ ।

# उपप्रमुख-उपाध्यक्ष सञ्जालको संयोजकमा भट्टराई



• लक्ष्मी उप्रेती

मेचीनगर । झापा जिल्लाका उपप्रमुख-उपाध्यक्ष सञ्जालको संयोजकमा कचनकवल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराई चयन भएका छन् । आइतवार बिर्तामोडमा सम्पन्न उपप्रमुख-उपाध्यक्षहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी अनुभव आदानप्रदान कार्यक्रमको समीक्षा बैठकले आगामी समयका लागि कचनकवल गाउँपालिकाका उपाध्यक्ष भट्टराईलाई संयोजकमा सर्वसम्मत चयन गरेको हो । नवनियुक्त संयोजक भट्टराईलाई खादा माला अविर पहिर्याएर बधाई ज्ञापन गरिएको थियो । त्यस्तै निवर्तमान संयोजक गौरीगञ्ज गाउँपालिका उपाध्यक्ष पुजन कुँवरले माइन्युटका साथ जिम्मेवारी हस्तान्तरण गरिन् । बैठकले कुनै पनि अनौपचारिक तथा औपचारिक कार्यक्रममा नगर प्रमुख ,उपप्रमुख वा अध्यक्ष तथा उपाध्यक्षमध्ये आफ्नो पालिकाको प्रतिनिधित्व गर्दै एकजना सहभागी हुँदा उपयुक्त हुने निष्कर्ष निकालेको छ । बैठकले कार्यक्रमको आवश्यकता र महत्व हेरेर दुवैजना उपस्थित हुनसक्ने समेत ठहर गरेको छ । संवाद समूहको सहजीकरण तथा सहारा नेपाल र फेयरमेडको सहयोगमा सञ्चालित विश्वास परियोजनाको सहकार्यमा कार्यक्रम भएको हो । कार्यक्रमलाई जिल्ला समन्वय समिति झापाका उपप्रमुख शान्ता रोक्काले उद्घाटन गर्दै जतिसुकै समानताको कुरा गरे पनि अपेक्षाअनुसार उपलब्धी नभएको बताइन् । महिलाहरूलाई कठैबरा र विचरा नभनी अवसरमात्र दिए जस्तोसुकै जिम्मेवारी बहन गर्न सक्ने उपप्रमुख रोक्काले स्पष्ट पारिन् । समीक्षा बैठकको अध्यक्षता गर्दै झापाका उपप्रमुख -उपाध्यक्षहरूको सञ्जाल संयोजक गौरीगञ्ज गाउँपालिका उपाध्यक्ष पुजन कुँवरले आफ्नो कार्यकालमा भए गरेका कामका बारेमा जानकारी गराएकी थिइन् ।

कार्यक्रममा सञ्जालका प्रथम संयोजक मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीले मेचीनगर -४ स्थित आमडाँगीमा रहेको मानव सेवा आश्रमका लागि यो संस्थाले सहयोग गर्नुपर्ने प्रस्ताव राखिन् । हरेक पालिकामा उपप्रमुख-उपाध्यक्षको नेतृत्वमा महिलालाई विभिन्न सीप सिकाएर आत्मनिर्भर बनाउनुपर्नेमा उनले जोड दिइन् ।

झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अञ्जु थपलियाले हरेक पालिकामा कुनै न कुनै कुरामा महिला जनप्रतिनिधिलाई हेर्ने दृष्टिकोण फरक रहेको भन्दै उपप्रमुख, उपाध्यक्ष तथा महिला कर्मचारीलाई कमजोर नठान्न आग्रह गरिन् ।

कचनकवल गाउँपालिका उपाध्यक्ष नवराज भट्टराईले अहिले यो व्यवस्थाका वारेमा विभिन्न कोणबाट प्रहार भएको भन्दै अब यो व्यवस्थाको रक्षाका लागि संस्थालाई अघि बढाउन आग्रह गरे । बुद्धशान्ति गाउँपालिकाका उपाध्यक्ष भवानीप्रसाद खतिवडाले आफ्नो गाउँपालिकाले ६ महिनाको अबधिमा भए गरेका कामको जानकारी गराए ।

बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, कन्काई नगरपालिकाका उपप्रमुख आशा शर्मा शिवाकोटी,अर्जुनधारा नगरपालिकाका उपप्रमुख खड्गकुमारी पराजुली, शिवसताक्षी नगरपालिकाका उपप्रमुख नरमाया कार्की, कमल गाउँपालिकाका उपाध्यक्ष प्रमिला तिवारी, हल्दिवारी गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी मैनालीलगायतले आ-आफ्ना विचार राखेका थिए ।

# कमल दुर्घटनामा घाइते गुरागाईंको मृत्यु



झापा(प्रस) । झापाको कमल गाउँपालिकामा एक अनियन्त्रित यात्रुबाहक बसले तीनवटा सवारीसाधनलाई ठक्कर दिँदा घाइते भएका पाँचजनामध्ये एकजनाको मृत्यु भएको छ ।

उक्त दुर्घटनामा घाइते भएका प्रदेश न.१-०१-०२ह.९०१ नम्बरको सिटी सफारी चालक दमक -९ बस्ने ५३ वर्षीय राम गुरागाईंको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा शनिवार राति ११.२० बजे मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका सूचना अधिकारी प्रहरी वरिष्ठ नायव निरीक्षक अर्जुन सोडारीले जानकारी दिए ।

शनिवार बिहान अन्दाजी ११:२७ बजे कमल गाउँपालिका वडा न.५ ज्योति चोकस्थित पूर्वपश्चिम राजमार्गमा दमकबाट केर्खातर्फ आउँदै गरेको प्रदेश न.१-०२-००१ख ९७०६ नम्बरको यात्रुबाहक बसले सोही दिशातर्फ आउँदै गरेको प्रदेश न. १-०१-००२ च. ८४० नम्बरको कारलाई पछाडीबाट ठक्कर दिँदा उक्त कार बाटोदेखि तल झरेको थियो । सोही बसले बिर्तामोडबाट दमकतर्फ जाँदै गरेको डब्लुबी ७४एएक्स २८२९ नम्बरको कार र सोही दिशातर्फबाट जाँदै गरेको प्रदेश न.१-०१-०२ह.९०१ नम्बरको सिटी सफारीलाई समेत ठक्कर दिएर पल्टिएको थियो ।दुर्घटनामा बस चालक मोरङ कटहरी गाउँपालिका वडा न. ३ बस्ने ४० वर्षीय रोहित महल्दार, सिटी सफारी चालक दमक नगरपालिका वडा न.९ बस्ने ५३ वर्षीय राम गुरागाई, सोही सिटी सफारीमा सवार कमल गाउँपालिका वडा न. ३ बस्ने २८ वर्षीया सुनिता सहनी, डब्लुबी ७४एएक्स २८२९ नम्बरको कार चालक भारत सिलिगुडी बस्ने ३२ वर्षीय गोपाल अग्रवाल र प्रदेश न. १-०१-००२ च. ८४० नम्बरको कार चालक संखुवासभा थोतखोला गाउँपालिका वडा न. २ बस्ने ३७ वर्षीय टेनहेडर भोटे घाइते भएका थिए ।

सामान्य घाइतेहरुको निम्स अस्पताल दमक र गंभीर घाइतेहरुलाई बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो । अन्य चारजना घाइतेहरुको उपचार भइरहेको जनाइएको छ ।

उता मोरङमा मोटरसाइकल आफैँ अनियन्त्रित भएर दुर्घटना हुँदा बाबु-छोराको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक ग्रामथान १ बस्ने अन्दाजी २२ वर्षीय आशिक मरिक र पछाडि सवार उनकै बुबा ४५ वर्षीय उमेश मरिक रहेको प्रहरीले जनाएको छ ।

शनिवार राति १२:१० बजेतिर मोरङको ग्रामथान गाउँपालिका- २ झोराहाट चौकस्थित घिनाघाट सडकखण्डमा विराटनगरबाट विराट चौकतर्फ जाँदै गरेको प्रदेश १-०४-००२ प १९०१ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भएर नहरको पुलमा ठोक्किएको थियो । घटनामा दुवै जना घाइते भएका थिए । उनीहरूलाई उपचारका लागि विराट नर्सिङ होम अस्पताल पठाइएको थियो । उपचारका क्रममा चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ । त्यस्तै सुनसरी रामधुनी नगरपालिका-९ डुम्राहामा प्रदेश न. १-०२-००४ ह १४८१ नम्बरको सिटी सफारी आफै अनियन्त्रित भई दुर्घटना हुँदा सिटी चालकको मृत्यु भएको छ ।

शनिवार साँझ खेतबाट सिटी सफारीमा धान ओसार्ने क्रममा दुर्घटना हुँदा घाइते भएका सिटी चालक स्थानीय ५० बर्षीय पुरण चौधरीलाई उपचारको लागि जिल्ला अस्पताल इनरुवा लैजादै गर्दा बाटैमा मृत्यु भएको हो । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट कानुनी कारबाही भइरहेको जनाइएको छ ।

# पेट्रोलको मूल्य बढ्यो, डिजेलको घट्यो



झापा(प्रस) । नेपाल आयल निगमले आइतवार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलको मूल्य बढाएको छ। निगमले आइतवार प्रेस विज्ञप्ति जारी गर्दै पेट्रोलको मूल्य प्रतिलिटर २ रुपैयाँ बढेको जानकारी दिएको हो। निगमका अनुसार डिजेल र मट्टितेल प्रतिलिटर २ रुपैयाँले घटेको छ। खाना पकाउने एलपी ग्यास र हवाई इन्धनमा भने मूल्य यथावत् राखिएको निगमले जनाएको छ।

निगमका अनुसार अब काठमाडौं, पोखरा र दिपायल डिपो अन्तर्गतका पेट्रोल पम्पमा पेट्रोल हाल्दा प्रतिलिटर १६२ रुपैयाँ र डिजेल र मट्टितेलको मूल्य १५१ रुपैयाँ कायम गरिएको छ।

त्यस्तै, सुर्खेत र दाङ डिपो अन्तर्गतको क्षेत्रमा पेट्रोल १६१ रुपैयाँ र डिजेल तथा मट्टितेल १५० रुपैयाँ कायम भएको छ। बाँकी क्षेत्रमा पेट्रोल १५९.५० रुपैयाँ र डिजेल मट्टितेल १४८.५० रुपैयाँ पर्नेछ।

# प्रतिक्रेट १५ रूपैयाँले बढ्यो अण्डाको भाउ

झापा(प्रस) । बजारमा अण्डाको मूल्य बढेको छ। माग अनुसार उत्पादन नहुँदा मूल्य बढ्न थालेको हो।

अण्डाको मूल्य प्रतिक्रेट १५ रूपैयाँ बढाइएको नेपाल लेयर्स कुखुरापालक संघका अध्यक्ष विनोख पोखे्रलले जानकारी दिए। बजारमा मध्यम, ठूलो र एक्सल गरी तीन आकारका अण्डा आउँछन्।

अहिले मध्यम अण्डाको मूल्य प्रतिक्रेट चार सय ७०, ठूलो चार सय ८५ र एक्सल अण्डा पाँच सय रूपैयाँ छ।

यसअघि मध्यम अण्डा प्रतिक्रेट चार सय ५५, ठूलो चार सय ७० र एक्सल चार सय ८५ रूपैयाँ थियो। यो किसानले पाउने मूल्य हो। उपभोक्ता मूल्य भने प्रतिगोटा २० रूपैयाँ छ। आगामी दिनमा अण्डाको मूल्य बढ्दा उपभोक्ता मूल्य पनि बढ्ने पोखे्रल बताउँछन्।

'अहिले किसानले पाउने मूल्य मात्रै बढेको छ। उपभोक्ता मूल्य स्थिर नै छ,' उनले भने, 'अब बढ्दा उपभोक्ता मूल्य पनि बढ्छ।'

पोखे्रलका अनुसार लागत मूल्य नउठ्दा एकातिर अण्डा उत्पादक किसान घटेका छन् भने, चिसोका कारण अहिले अण्डा उत्पादन हुन पनि सकेको छैन।

# वीरता लेडी जेसीजको अध्यक्षमा शाक्य निर्वाचित

बिर्तामोड(प्रस) । वीरता लेडी जेसीजको सन् २०२५को अध्यक्षमा निशा शाक्य निर्वाचित भएकी छन् । संस्थाको आइतवार भएको निर्वाचनमा शाक्य निर्वाचित भएकी हुन् । शाक्यले ८२ मत प्राप्त गरेको निर्वाचन अधिकृत संगिता गिरीले जानकारी दिइन् । निर्वाचन प्रक्रियामा शाक्य र झुमा चुँडाल उत्रिएपनि




अन्त्यमा चुँडालले आधिकारिक रुपमा नाम फिर्ता लिएपछि शाक्य निर्वाचित भएको निर्वाचन अधिकृत गिरीले बताइन् । वीरता लेडी जेसीजको नयाँ कार्यसमितिमा निवर्तमान अध्यक्ष मेनुका ओली, कार्यकारिणी उपाध्यक्ष मुना अधिकारी ढुंगेल, चन्द्रकला रिजाल, उपाध्यक्ष एलिना रिजाल ढकाल, अञ्जली शाह, भावना बस्नेत, तारा बस्नेत रहेका छन् । यस्तै सह-सचिवमा दिक्षा कडरिया, शाखा सम्पादकमा हेलेन खरेल, तालिम संयोजक कोपिला पोखे्रल सिटौला, जनसम्पर्क अधिकारी पार्वता श्रेष्ठ निर्वाचित भएका छन् ।

संस्थाले मनोनित गर्ने पदहरुमा समेत आइतवार नै टुंगो लगाएको छ । महासचिवमा प्रभा रायमाझी, कानूनी सल्लाहकारमा अस्मिता राई कुरुङ्बाङ र कोषाध्यक्षमा कविता ओलीलाई मनोनित गरिएको निर्वाचन समिति सदस्य संगिता चिमरियाले जानकारी दिइन् ।

संस्थाको निर्वाचन प्रक्रिया गत २८ गते सुरु भएपनि विविध कारणले स्थगित भएको थियो ।

# अधिकारी वंश प्रतिष्ठानको अध्यक्षमा देवीप्रसाद

भद्रपुर(प्रस) । कस्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान भद्रपुर नगर समितिको तेस्रो अधिवेशनले देवीप्रसाद अधिकारीको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ ।

सर्वसम्मत गठित समितिको उपाध्यक्षमा बलिभद्र अधिकारी, सचिव भीम अधिकारी र कोषाध्यक्षमा देवीमाया अधिकारीलाई चयन गरिएको हो ।

समितिको सदस्यहरूमा कृष्णकुमारी अधिकारी, पदमबहादुर अधिकारी, दशरथ अधिकारी, माधव अधिकारी, राजनकुमार अधिकारी, शान्तिराम अधिकारी, टिका अधिकारी, डिल्लीराम अधिकारी, अम्बरबहादुर अधिकारी, नारायण अधिकारी र राजकुमार अधिकारी चयन भएका छन् ।

सभाले जिल्ला परिषद सदस्यमा यमनाथ अधिकारी तथा तोयानाथ अधिकारीलाई जिम्मेवारी दिएको छ भने पर्यवेक्षकमा चुडामणि अधिकारी र तिलक अधिकारीलाई छनौट गरेको छ । देवीप्रसाद अधिकारीको अध्यक्षता तथा कस्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठानका केन्द्रीय अध्यक्ष नरेन्द्रकुमार अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न सभामा जिल्ला न्यायाधीश प्रकाशकुमार अधिकारी, भद्रपुर १ का वडाध्यक्ष रामप्रसाद अधिकारी, २ का वडाध्यक्ष रामबहादुर कँडेल, जग्गादाता रेखा अधिकारी, प्रतिष्ठानका केन्द्रीय कोषाध्यक्ष निमेष अधिकारी, प्रतिष्ठानकी झापा जिल्ला सचिव सपना अधिकारीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा जेष्ठ सदस्य मोती अधिकारी र तोयानाथ अधिकारीलाई सम्मान गरिएको थियो । यामनाथ अधिकारीले स्वागत गरेको कार्यक्रम भीम अधिकारीले सञ्चालन गरेका थिए ।

# कोटीहोममा बन्धु भेला र गोठधुप



बिर्तामोड(प्रस) । धान्य पूर्णिमाका अवसरमा गौतम बन्धु समाज, प्रसाई बन्धुलगायत कोटीहोममा भवन भएका अधिकांश बन्धु समाजको बन्धु भेला र गोठधुप सम्पन्न भएको छ । गौतम समाज झापाको आयोजनामा गोठपूजासंगै रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

समाजका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद गौतमको अध्यक्षता तथा निवर्तमान अध्यक्ष हरिप्रसाद गौतमको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा ३९ पिन्ट रगत संकलन भएको नेपाल रेडक्रस सोसाइटी झापाका कोषाध्यक्ष ओमप्रकाश गौतमले जानकारी दिए । सो अवसरमा बन्धु समाजको भवन निर्माण, भौतिक सामग्री तथा नगद प्रदान गर्ने दाताहरुलाई सम्मान गरिएको थियो । चारजना ज्येष्ठ अभिभावकलाई सम्मान गरिएको कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई समेत सम्मान गरिएको थियो । उनीहरुलाई सम्मानपत्र र दोसल्लाद्वारा प्रमुख अतिथि गौतम, अतिथि कोटीहोम धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष शेरबहादुर थापासहितले सम्मान प्रदान गरेका थिए ।

उर्मिला गौतमले स्वागत गरेको कार्यक्रमको सञ्चालन गौतम समाजका सचिव सोमनाथ गौतमले गरेका थिए ।बन्धु भेलामा यसअघि चार दशकदेखि बंशावली संकलन गर्दै आएका खेमलाल गौतमले प्रकाशनार्थ संकलित तथ्य तथ्याङ्कहरुको अभिलेखसहितको दस्तावेज उनका छोरा ओमप्रकाश गौतमले बन्धु समाजका कार्यवाहक अध्यक्षलाई हस्तान्तरण गरेका थिए । गौतम बन्धुको बंशावली प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका गौतमको यसै वर्ष निधन भएपछि स्वर्गीय खेमलालका छोराले बन्धुहरुका अभिलेखीकरण गरिएको दस्तावेज समाजलाई हस्तान्तरण गरेका हुन् ।

# डाइनामिक ग्रुपले सम्झियो नारायण गोपाल

भद्रपुर(प्रस) । डाइनामिक ग्रुप नेपालले भद्रपुरमा स्वरसम्राट नारायण गोपाललाई सम्झना गर्दै बृहद साँगीतिक कार्यक्रम सम्पन्न गरेको छ । ग्रुपमा आबद्ध रहेका राष्ट्रिय तथा स्थानीय गायक गायिकाहरूले नारायण गोपालका कालजयी गीतहरू गाएर साँगीतिक साँझ सम्पन्न गरेका हुन् ।

ग्रुपका अध्यक्ष तथा गायक संगीतकार अर्जुन खरेलको अध्यक्षतामा सम्पन्न साँगीतिक साँझको उद्घाटन भद्रपुर नगर प्रमुख गणेश पोखरेलले गरेका थिए ।




साँगीतिक साँझमा अनिता पौडेल, अकिलाकुमार झा, युनिक पाण्डे, ज्योति खाती, सिमरन आचार्य, वेदप्रकाश घिमिरे, उमेश पाण्डे, आयुष्मा घिमिरेजस्ता स्थानीय गायक गायिकादेखि अर्जुन खरेल, गोविन्द रपभललगायतले नारायण गोपालका गीत गाएर श्रोतालाई सुनाएका थिए । त्यस अवसरमा मानवीय सेवामा महत्वपूर्ण योगदान दिएको भन्दै मेची प्रादेशिक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्कालाई सम्मान गरिएको थियो ।

कृति राई र चन्द्रमणि पौडेलले सञ्चालन गरेको कार्यक्रममा भद्रपुर नगर उपप्रमुख राधा कार्की, भद्रपुर ५ का वडाध्यक्ष बन्धु कार्की, ७ का वडाध्यक्ष अभिषेक ढुंगानालगायतले मन्तव्य राख्दै गीत संगीतको माध्यमबाट राष्ट्रको सेवा गरेर पहिचान बनाएका नारायण गोपालजस्ता स्रष्टाको सम्मानले गौरव बढाउने धारणा राखेका थिए ।

# अरिदमन गणमा विद्यार्थीका लागि खेलकुद प्रतियोगिता

झापा(प्रस) । ३०३ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा चारआलीस्थित अरिदमन गणमा विद्यार्थीहरुका लागि खेलकुद प्रतियोगिता सेनासंग सहकार्य गरेका झापा जिल्लामा रहेका विद्यालयहरुलाई सहभागी गराई आइतवारदेखि फुटबल , भलिवल,हाजिरी जवाफ , कविता, वक्तृत्वकला



,चित्रकलालगायतका प्रतियोगिता संचालन गरिएको छ । पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसलाई भव्यरुपमा मनाउन नेपाली सेनानी प्राजु बस्न्यातले जानकारी दिएका छन् । प्रतियोगितामा झापा मोडल , एरा एभरग्रीन, टावर टेम्पल ,इस्ट होराइजन र स्वस्तिका शिशु सदनका विद्यार्थीहरु सहभागी छन् ।

आइतवार टावर टेम्पल र झापा मोडेलबीच छात्र फुटवल,टावर टेम्पल र एराा एभरग्रीनबीच छात्रा भलिवल ,ईष्ट होराईजन र एरा एभरग्रीनबीच छात्र भलिवलका साथै हाजिरी जवाफ र पृथ्वीनारायण शाहको जीवनीमा आधारित वक्तृत्वकला प्रतियोगिता भएको थियो । सोमवार कविता र चित्रकला प्रतियोगिता संचालन गरिने प्रमुख सेनानी बस्न्यातले जानकारी दिए । प्रतियोगिताको समापन पुष २ गते हुने जनाइएको छ ।

## ग्लोबल गेट्वे एण्ड मल्टीपल बिजिनेश सोलुसन प्रा.लि.

झापा

प्रथम पटक प्रकाशित मिति–२०८१/९/१

## नाम परिवर्तनको सूचना

कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०८/०५ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको अल इन वान मल्टिपल बिजिनेश सोलुसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/०८/२७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि ग्लोबल गेट्वे एण्ड मल्टीपल बिजिनेश सोलुसन प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

# सापकोटाको कुल पूजा माईधारमा

माईधार(प्रस) । कोशी प्रदेशका सापकोटाहरूले झापाको माईधारमा आइतबार कुलको सामूहिक पूजा गरेका छन् । उधौली पर्वको अवसर पारेर सापकोटाहरूले कुल पूजा गरेको सापकोटा कल्याण केन्द्र झापाले जनाएको छ।

गौडिन्य गोत्रका सापकोटाले उधौली र उभौलीमा वर्षमा दुईपटक सामूहिक कुल पूजा (गोठ धुप) केन्द्रका झापा सचिव रामप्रसाद सापकोटाले बताए । उनले भने,' ब्राह्मण दक्षिणाका दाता हुनुहुन्छ। भोजन र प्रसादी गराएर बचेको रकमबाट सभाहल निर्माण हुनेछ ।' यस्तै सापकोटाको कुल मन्दिर पनि माई धाममा निर्माण हुने भएको छ । केन्द्रका झापा कोषाध्यक्ष प्रेमसागर सापकोटाको नेतृत्वमा कुल मन्दिर निर्माण हुने

यस्तै केन्द्रले कोशी प्रदेशबाट कक्षा १२ मा उत्कृष्ट अङ्कलाई उत्तीर्ण हुने एक छात्र र एक छात्रालाई नगदसहित पुरस्कृत गरेको छ । इलाम सन्दकपुर ५ की नम्रता सापकोटा र झापा अर्जुनधारा ६ की सुरक्षा सापकोटालाई दोसल्लासहित जनही नगद २ हजार ५०० द्वारा पुरस्कृत गरिएको थियो। कुलपूजामा कोशी प्रदेशका



गर्ने गरेका छन् । सापकोटा कल्याण केन्द्र झापाले आयोजना गरेको कार्यक्रममा माघ २ गतेदेखि श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ आयोजना हुने जानकारी दिइयो । पुराणका लागि सबै तयारी पूरा गर्न विभिन्न उपसमितिहरू गठन हुने पनि केन्द्रका झापा अध्यक्ष सन्तोष सापकोटाले बताए । पुराणबाट संकलित रकमबाट करिब ३०० जना अटाउन सक्ने सभाहल निर्माण हुने

केन्द्रले बताएको छ । सापकोटा कल्याण केन्द्रका कोशी प्रदेश अध्यक्ष प्रजापति सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा रामबाबु सापकोटाले कुलदेवताको पूजा गर्ने विधि र पद्धतिको बारेमा जानकारी गराएका थिए । सो कार्यक्रममा केन्द्रका मोरङ अध्यक्ष राजु सापकोटा र केन्द्रका उपाध्यक्ष लक्ष्मी सापकोटाले आ-आफ्ना धारणा राखेका थिए।

करिब ५ सय सापकोटा भेला भएका थिए । मञ्जु सापकोटाले स्वागत मन्तव्य गरेको कार्यक्रमको सहजीकरण केन्द्रका झापा सचिव रामप्रसाद सापकोटाले गरेका थिए । कार्यक्रममा अध्यक्ष सन्तोष सापकोटाले सांगठानिक दस्तावेज वाचन गरेका थिए । उनले सापकोटाको वंशावली र कुलदेवताको पूजा गर्ने मन्दिर स्थापना गर्ने केन्द्रको मुख्य लक्ष्य रहेको बताए ।

# करेन्ट लागेर एक विद्युत मजदुरको मृत्यु

झापा(प्रस) । इलाममा करेन्ट लागेर एक विद्युत मजदुरको मृत्यु भएको छ । शनिवार साँझ ५ बजे इलाम सन्दकपुर -४ माबु सायाङ्बामा विद्युतको पोलमाथि तार जडान गर्ने क्रममा ज्यालामा काम गर्ने इलाम ४ बस्ने अन्दाजी ३० वर्षीय गोपाल राईलाई एक्कासि करेन्ट लागेको थियो । घाइते भई उनलाई उपचारको लागि जिल्ला अस्पताल इलाम ल्याई चेकजाँच गर्दा डाक्टरले मृत घोषणा गरेका थिए । प्रहरी चौकी माबुको प्रहरी टोली खटिएर थप बुझ्ने काम भइरहेको र मृतकको शव सोही अस्पतालमा रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।




## लिटल सनसाइन इङ्लिस स्कुल प्रा. लि.

बिर्तामोड -५ ,झापा

दोस्रो पटक प्रकाशित मिति–२०८१/९/१

## नाम परिवर्तनको सूचना

कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०८/१६ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको बिराट -अर्जुन इङलिस स्कुल प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/०८/२७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि लिटल सनसाइन प्राइमरी स्कुल प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

## बालअधिकारप्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौ ।
- वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# प्लास्टिकको प्रयोग रोकौं

झापाको बिर्तामोडमा एकपटक प्लास्टिकको झोला प्रतिवन्ध लगाउने निर्णय गरियो । तर, त्यो निर्णय खासै धेरै दिन टिकेन । बिर्तामोड उद्योग वाणिज्य संघले गरेको निर्णय आफ्नै व्यवसायीहरुलाई कार्यान्वयन गराउन सकेन । तीव्र सहरीकरणसँगै फोहोर उत्सर्जन बढ्दो छ। नकुहिने प्लास्टिकजन्य फोहोरले प्रकृतिलाई नोक्सानी गरिरहेको छ। जंगल र खेतीयोग्य जमिनलाई पनि प्लास्टिकले बिगार्दै गएको छ। स्थानीय सरकारबाट हुने फोहोर संकलन र व्यवस्थापन प्रभावकारी छैन। प्राय:जसो यसलाई या त त्यसै छोडिन्छ वा जलाइन्छ। जुन दुवैले वातावरणीय ह्रास र जलवायु परिवर्तनमा योगदान गर्छन्। प्लास्टिक जलाउँदा हानिकारक विषाक्त पदार्थहरू निस्कन्छन्, जसले हावाको गुणस्तरलाई गम्भीर रूपमा असर गर्छ।

प्लास्टिक जलाउनु खतरनाक अभ्यास भएकाले यसले हावा र जनस्वास्थ्यमा प्रत्यक्ष हानि पुऱ्याउने र क्यान्सरको जोखिमसमेत बढाउने हुन्छ। मानवलाई नै प्रत्यक्ष असर गरिरहेको प्लास्टिक फोहोर व्यवस्थापनका सरकारी निकायले ध्यान दिन सकेका छैनन्। सरकारले फोहोरमैला व्यवस्थापन ऐन, २०६८ कार्यान्वयनमा ल्याएको भए पनि कार्यान्वयन पक्ष निकै फितलो छ। प्लास्टिकलाई पुनर्प्रयोग गर्दा व्यवस्थापनसँगै आम्दानी समेत हुन्छ। जसका लागि घरमै फोहोरको वर्गीकरण सही तरिकाले गर्नुपर्छ। महत्वपूर्ण पक्ष प्लास्टिकको प्रयोग नै कम गर्न मानव तथा प्रकृतिलाई हुने हानिका विषयमा नागरिकलाई सचेत बनाउनुपर्छ। प्लास्टिकको उपभोग घटाउने नीति सरकारसँग हुनुपर्छ। कम्तिमा हाट वा पसल जाँदा कपडाकै थैलो बोकेर जाउँ भन्ने अभियान चलाउन सकियो भने पनि प्लास्टिकको झोला खपत निकै कम हुन्छ।

स्थानीय सरकारले प्लास्टिकलाई पुनर्प्रयोग गर्ने नीति योजना बनाई कार्यान्वयनमा ल्याउने हो भने केही हदसम्म फोहोर व्यवस्थापन हुन्छ। फोहोर उत्सर्जन नै कम गर्न प्लास्टिकको सट्टा प्रयोग गर्न सकिने वैकल्पिक वस्तुहरू हुनुपर्छ। अन्य वस्तुको उपलबधताले प्लास्टिक प्रयोग न्यूनीकरण गर्न सकिन्छ। सरकारले २०८१ कात्तिकदेखि तारे होटलमा प्लास्टिकजन्य बोतलसहितका पेय पदार्थ बिक्रीमा रोक लगाएको छ। यो प्रतिबन्धको दायरालाई बढाउँदै कार्यान्वयनमा जोड दिनुपर्छ। सचेतना अभियान र नियम कानुनको कार्यान्वयनलाई सँगसँगै लैजादामात्रै प्लास्टिक फोहोरको जोखिमलाई कम गर्न सकिन्छ। यो हरेक नागरिकको दायित्व पनि हो, प्लास्टिक प्रयोग रोकौं।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# वास्तविक पाठशाला नै घर



• नवराज रिजाल

हरेक व्यक्तिको पहिलो सिकाइ घरबाटै आरम्भ हुन्छ र पहिलो शिक्षिका आमा नै हुन्छिन् । हामी सबैले कुराको गहिराइ जानेका, बुझेका र यथार्थबोध पनि गरेका छौं । प्रसङ्ग पुनः कोट्याएर बहस, छलफल, वादविवाद र तर्कवितर्क गरिरहनुको कुनै तुक वा औचित्य छैन । कुनै पनि मानिस घर परिवारमा के कस्तो वातावरणमा हुर्कियो, कुन किसिमको माया, ममता, सद्भाव, प्रेम र स्नेह पाएर बढ्यो तथा साथीभाइ सहपाठी के कस्ता थिए जस्ता कुराले उसको व्यक्तित्व निर्माणमा मह□वपूर्ण भूमिका खेलेको हुन्छ । यसर्थ कुनै मानिसको व्यक्तित्व अध्ययन र उसको सफलता/असफलता अध्ययनका लागि घरपरिवारको अध्ययन हुनु अति आवश्यक छ । यही कुरालाई आधार मानेर उसको वर्तमान पढ्दै भविष्य यात्राको आकलन पनि गर्न सकिन्छ ।

बाल्यकालीन विकासको जगमा नै हरेक मानिसमा सोच र चिन्तनको विकास हुन्छन् । विश्वास र आस्थाका आधारहरू निर्माण हुन्छन् । मनमा जन्मेका धारणाले सार्थक बन्ने सुअवसर पाउँछन् । घर खासमा घर हुनुको कारण सामाजिक परम्परा, मूल्य, मान्यता, व्यवहार, आस्था, विश्वास र विचारहरू त्यहीँ बन्दै जान्छन् । अपवाद छाड्ने हो भने बाल्यवयमा घरमा जे सिकियो वा सिक्न उत्प्रेरित गरियो त्यही आधारमा बालकको भविष्य निर्माणको शृङ्खला आरम्भ हुन्छ । यी र यस्ता कुरा सबै समाज वा समुदायमा लागु हुन्छन् । सबैतिरबाट देख्न र बुझ्न सकिने यथार्थ यही हो तर हाम्रो ध्यान यतातिर पुग्न सकिरहेकै छैन । बाहिरी र देखावटी भुलभुलैयाले मन मस्तिष्कमा खाँबो गाडिरहेको छ । हामी विषयको गहिराइसम्म नपुगी बाहिरी संसारमा हराइरहेका छौं ।

माथि प्रसङ्ग कोट्टिइसकेको छ, घर मानव जातिको पहिलो पाठशाला हो । पहिलो पाठशालामा सिकेको कुराले जीवनमा ठुलो प्रभाव पार्छ । यसर्थ घरभन्दा अन्य ठुलो पाठशाला संसारमा अरू हुन सक्दैन । पहिलो पाठशालाबाट सिकेका ज्ञानले जीवनमा विशेष मह□व राख्छ । बालबालिकालाई जीवनमा कुन बाटो हिँडाउने, कसरी हिँडाएर कहाँ पुऱ्याउने यो कुराको निक्र्योल घरबाटै हुन्छ । घरमा बा, आमासहित हजुरबा, हजुरआमा र अन्य सदस्यबाट प्राप्त हुने ज्ञान र सिपको अथाह भण्डार हुन्छ । यसर्थ सिक्ने सिकाउने र बुझ्ने बुझाउने कुराको आरम्भ घरैमा गरिनु आवश्यक छ । यसको अर्थ हो सिकाइको आरम्भ घरबाट हुने भएकाले बालबालिकालाई ज्ञान, बुद्धि र सिपको विकास गराउन घर अति महत्वपूर्ण हुन्छन् तर हाम्रा घर घर जस्ता छन् कि छैनन्, तिनीहरूमा ज्ञान, चेतना, बुद्धि, विवेक र नैतिकता सिकाउने क्षमता कत्तिको छ यी कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ । हाम्रो घर घर जस्तो बनाउने दायित्व हाम्रै हो । अन्य कसैले आएर हाम्रा घर बनाइदिँदैनन् । यति सोच्न सके हाम्रा घर साँच्चै घर र पहिलो पाठशाला हुने छन् ।
बालबालिकाको प्रारम्भिक सिकाइमा घरको ठुलो महत्व रहने कुरामा कसैको विमति छैन । बालबालिकालाई घरले जे जस्तो बाटो हिँडाउने प्रयत्न गर्छ, ती त्यस्तै बाटोबाट हिँड्न अग्रसर रहन्छन् । यसर्थ उनीहरूको पालनपोषणदेखि रेखदेख र स्याहारसुसारसम्मका कार्यहरूमा विशेष ध्यान दिनु अति आवश्यक छ । घरमा प्रारम्भिक अवस्थामा उचित स्याहारसुसार र संरक्षण नपाएका बालबालिकालाई सहज बाटोबाट हिँडाउन कठिन हुन्छ । हाम्रो ध्यान यतापट्टि पटक्कै जान सकिरहेको छैन । विद्यालय पठाए सबैथोक हुन्छ, गर्नुपर्ने जति उसैले गरिदिन्छ, यो उसको जिम्मेवारी नै हो, हामी यही मान्यता बोकेर हिँडिरहेका छौं तर यस मान्यताले फाइदाको साटो हानी पुऱ्याइरहेको छ यो कुरामा प्रवेश गर्न सकिरहेका छैनौं । बालबालिकालाई घरायसी वातावरणमा सिकाउनु आवश्यक छ । घरायसी वातावरणमा परिवारका सदस्यहरूबाट जति सिक्छन् त्यति अन्यत्रबाट सिक्न कठिन छ । सिकाइ एउटा कर्म हो यसका लागि कामना गररेर पुग्दैन । ठोस र सकारात्मक कामले मात्र सफलता प्राप्त गर्न सकिन्छ ।

हामी अधिकांश अभिभावक आफ्ना सन्तानलाई कुन बाटोबाट कसरी हिँडाएर कहाँ पुऱ्याउने भन्नेतिर गहिराइका साथ सोच बनाउन नै सक्दैनौं । बनायौं भने पनि सही रूपले कार्यान्वयनतिर जाँदैनौं । कार्यान्वयन नगरिएको सोचले कुनै काम गर्न सक्दैन । त्यस्तो सोच कल्पनाभन्दा बढी केही पनि हुँदैन । उचित समयमा आवश्यक सोचका साथ सुझबुझपूर्वक घर परिवारबाट आवश्यक काम नगरिएका कारण हाम्रा बालबालिका असल गन्तव्य भेट्टाउन असमर्थ भएका हुन् । यो कुरालाई गम्भीरतापूर्वक लिँदै यथाशीघ्र त्यो दिशामा जानु अति आवश्यक छ । आजसम्म यस्ता काम आवश्यक मात्रामा नभएका कारण हाम्रा बालबालिकाका पाइला पछाडि परिरहेका हुन् ।
अझै पनि घरलाई जीवनको सबैभन्दा ठुलो पाठशाला ठानेर काम नथालिए भविष्यमा अशुभ परिणाम निम्तिने सम्भावना प्रचुर छ । समस्या बाजा बजाएर वा जानकारी दिएर आउँदैन । त्यो अकस्मात् आउँछ र समस्याको पहाड उभ्याइदिएर आफ्नो बाटो लाग्छ । यसर्थ बेलैमा सोच्नु अति आवश्यक छ । हाम्रा अधिकांश घर साँच्चै घर बन्न नसकेका कारण आज घर घरमा अनेकौं समस्या आएका हुन । दिनप्रतिदिन विविध घटना परिघटना घटेका हुन् । एक पुस्ताको अर्को पुस्तामा रहनु पर्ने मायाको मात्रा घट्दै गएको हो । बालबालिका विदेशप्रति मोहित बन्दै गएका हुन् । आफूसँग केही छैन जे छ परायसँग नै छ भन्ने विचारले उनीहरूको मन मस्तिष्कमा घर गरेको हो । यी सब घर घर जस्ता हुन नसकेका कारण निम्तिएका समस्या हुन् । तिनीहरूले घरमा घरायसी वातावरण पाउन सकेका भए यस्ता समस्या अत्यन्तै कम हुने थिए । परदेश मोह पनि त्यति विकराल रूपमा देखिने थिएन ।

हामी आजका लागि आजै सोचिरहेका छौं । आजका लागि हिजो सोच्नु पर्ने थियो । हामी यहीँनेर चुक्यौं । अहिले त्यही कारण अप्ठेरो अवस्थामा आइपुगेका हौं । आज भोलि पर्सिको लागि सोच्ने बेला हो । यसर्थ दीर्घकालीन सोच बोकेर भोलिको निम्ति बाटो बनाउनु आवश्यक छ । यसले मात्र सुखद परिणाम दिन सक्छ । कामको थालनी जति चाँडो छिटो आरम्भ गर्न सकिए त्यति चाँडै बाटो सरल र सहज बन्छ । तर हामी अधिकांशका ध्यान बालबालिकातिर जान सकिरहेको छैन । विभिन्न चटारा र हतारामा रुमल्लिएका छौं । उनीहरूका हेरचाह र स्याहारसुसार तथा शिक्षादीक्षालाई सामान्य ठानिरहेका छौं । यो काम कसैलाई जिम्मा दिँदा हुने ठानेर त्यही अनुसार गरिरहेका छौं । यही सोचका हाम्रो बाटो बिग्रिएको हो । हामीपछि परेका मात्र हाइनौं सन्तानविहीन बन्दै गइरहेका पनि हौं । यो विषयमा गम्भीरतापूर्वक सोचिनु अति आवश्यक छ ।
हरेक व्यक्तिको मन मस्तिष्कमा राम्रो नराम्रो वा सकारात्मक नकारात्मक धारणा विकास घरबाटै हुन्छ । यो सिकाइरहनु, बुझाइरहनु र सम्झाइरहनु पर्ने विषय नै होइन । यस्ता सन्दर्भ वा प्रसङ्ग बालबालिका आआफ्ना घर परिवारका सदस्यबाट आफैं सिक्छन्, बुझ्छन् र मनन् गर्छन् । घरमै सोच, विचार, विश्वास र चिन्तन क्रमशः विकास हुँदै जान्छ । हामीले सोचे झैं बालबलिकाका दिमाग खाली र रित्ता कहिल्यै हुँदैनन् । सिकाइ शून्य हुन्छ भनिने विचार सत्य निकट छैन । यसो भनेर अहिलेसम्म आत्मरतीमा रमाउन हामी खोजिरहेका छौं । सत्य खोजीमा भन्दा होहल्लामा रमाउने प्रवृत्ति अधिक रहेको यो एउटा ज्वलन्त प्रमाण हो ।

घरमा सिकाउन सकिँदैन वा सिक्न खोज्दैनन् यस्ता विचार पनि यदाकदा भेटिन्छन् तर यो यथार्थ विचार किमार्थ होइन । नसकिए किन सकिएन ? आवश्यक ध्यान दिन नसकिएको पो हो कि ? यो सोच्नु आवश्यक छ तर यतातिर हाम्रो ध्यान पटक्कै पुग्न सक्दैन । यसैले बाटो नदेखेर आज पनि निरन्तर अलमलिइरहेका हौं । विद्यालयलाई सन्तान जिम्मा लगाउन पाए सम्पूर्ण दायित्व सकिन्थ्यो वा पूरा हुन्थ्यो भन्ने हाम्रा आँखा अगाडि अनगन्ती वा बग्रेल्ती छन् । ती आँखा र मस्तिष्क विद्यालयलाई सबथोक देख्छन् । आफ्नो हैसियत र औकात चाहिँ मूल्याङ्कन गर्दैनन् । बालबालिका के चाहन्छन्, कस्तो वातावरणले सिकाइमा भरथेग गर्छ यतातिर ध्यान जाँदै जाँदैन । एउटा असल घर जीवनोपयोगी विश्वविद्यालय हो । अझ त्योभन्दा पनि माथि भए त्यो पनि हो । विश्व विद्यालयले त पाठ्यक्रमले तोकेको विषयवस्तु पढाउँछ । आफ्नो काममा पारङ्गत पनि बन्न सघाउँछ । व्यक्तिमा निहित क्षमतामा निखार ल्याउन मद्दत गर्छ । जीवनको दिशा निर्धारणमा सहयोगीको भूमिका पखेल्छ तर यति हुँदाहुँदै पनि घर र विद्यालयका बिच ठुलो अन्तर छ । घरको विकल्प विश्वविद्यालय किमार्थ हुन सक्दैन । आजका हामी अति व्यस्त छौं । हामीसँग समयको पाबन्दी छ । चाहेको कुरा गर्न र भनेको ठाउँमा पुग्न कठिन छ । जीवन दिनप्रतिदिन साँघुरो, असजिलो र अप्ठेरो भइरहेको छ । यति हुँदाहुँदै पनि बालबालिकाको पहिलो सिकाइका निम्ति सबैभन्दा उपयुक्त स्थान घर नै हो । यो कुरा कुनै पनि हालतमा बिर्सन हुँदैन ।

# अपाङ्गमैत्री स्वास्थ्य सेवा प्रवर्धन



• सरोज भट्टराई

अपाङ्गता भएका व्यक्तिमा दीर्घकालीन संवेदी, शारीरिक, मनोसामाजिक, बौद्धिक वा अन्य कमजोरी समावेश हुन्छन् । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को अनुसार, विश्वव्यापी रूपमा अपाङ्गता भएका व्यक्तिहरूको संख्या लगभग १.३ विलियन छ र यसले विश्वव्यापी जनसंख्याको १६ प्रतिशत प्रतिनिधित्व गर्छ । यस तथ्याङ्कले अपाङ्गताको मापन र अपाङ्गता समावेशी स्वास्थ्य सेवाहरूको तत्काल प्राथमिकता देखाउँछ ।
धेरै जसो समाजमा, अपाङ्गता भएका व्यक्तिको बहिष्करण र सीमान्तीकरणले उनीहरूको लैङ्गिक पहिचान, उमेर, जाति, जाति, यौन झुकाव, उत्पत्ति, स्थान, कानुनी स्थिति वा अन्य आधारमा सामाजिक भेदभाव र कलंकको अनुभव गर्छ । गतिशीलता, जोखिम र सामाजिक सुरक्षा सेवाहरूमा पहुँचको सन्दर्भमा लिङ्ग, उमेर र अपाङ्गताको अन्तरसम्बन्ध प्रमाणहरूले सुझाव दिन्छ कि अपाङ्गता भएका महिला पुरुषहरूको तुलनामा सामाजिक बहिष्करणको बढी जोखिममा छन् र विशेष गरी लैङ्गिक हिंसाको जोखिममा छन् ।

हेरचाह कि सेवा

गम्भीर र गहिरो अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका अभिभावकले हेरचाह सेवाको एकल बुँदे मागप्रति सरकारको ध्यानाकर्षण गराउन दुई महिनाभन्दा बढी समय काठमाडौंमा प्रदर्शन गरिऐको थियो । लामो आन्दोलन भए पनि उनीहरूका मागप्रति संवेदनशीलता देखिएको छैन । सुस्त श्रवण-अन्धोपन, सेरेब्रल पाल्सी, अटिजम स्पेक्ट्रम डिसअर्डर, डाउन सिन्ड्रोम, बौद्धिक असक्षमता, मनोसामाजिक अपाङ्गता, बहुअपाङ्गता र मेरुदण्डको कर्डको चोटसहितको दायरालाई समाहित गर्ने अपाङ्गतालाई आफ्नो दैनिक कार्यका लागि फरक-फरक रूपमा हेरचाह गर्ने सहायता चाहिन्छ । विस्तार आणविक एकाइहरूमा सरुवा हुने परिवारको हालको प्रवृत्तिले आवश्यक परेकाहरूका लागि उपलब्ध हेरचाहकर्तामा उल्लेखनीय कमी देखिन्छ । गम्भीर र गहिरो अपाङ्गता भएका व्यक्तिहरूको बढ्दो जनसंख्यासँगै सहायताको खाँचोमा परेका वृद्ध व्यक्तिको बढ्दो संख्याले देशमा समुदायमा आधारित व्यावसायिक हेरचाह सेवा लागु गर्न आवश्यक पर्ने आवश्यकतालाई जोड दिन्छ ।

हालैका वर्षमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सरकार र अन्यद्वारा सेवा, सुविधा र अवसरको विनियोजन भएको देखिए पनि यसले दुर्गम क्षेत्रमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिलाई समेट्ने गम्भीर र गहिरो अपाङ्गता भएका व्यक्तिको दुर्दशालाई सम्बोधन गर्न सकिएको छैन । राष्ट्रिय मानव अधिकार आयोग र विभिन्न मिडिया आउटलेटद्वारा बारम्बार हाइलाइट गरिए अनुसार, अपाङ्गताको यस श्रेणीमा रहेका बालबालिका र वयस्कहरूको उल्लेखनीय संख्याले कैद, यातना, शारीरिक र यौन दुर्व्यवहार, खाना र स्वच्छ जीवनको वातावरणमा अपर्याप्त पहुँचसहित अकल्पनीय कठिनाइ सहनु परेको छ । देशभर यी परिस्थितिहरूले स्पष्ट रूपमा उनीहरूको मानव अधिकारको उल्लङ्घन गर्छ । भरपर्दो हेरचाह सेवाहरूका लागि तत्काल आवश्यकतालाई जोड दिन्छ ।

हेरचाहकर्ताले दैनिक कार्यभन्दा बाहिर जिम्मेवारीको एक विस्तृत दायरा लिन्छन्, जस्तै आत्मविश्वास बढाउने, आत्म हेरचाह गर्ने सिप निर्माण गर्ने, परिवार र समुदायमा एकीकरण गर्ने, सहयोगी, पालनपोषण गर्ने वातावरण सिर्जना गर्ने छन् । तिनीहरूले विभिन्न प्रकारका र अपाङ्गता भएकाहरूको गम्भीरता बुझेर कार्यात्मक क्षमता बढाउन महत्वपूर्ण भूमिका खेल्छन् । नेपालमा, हेरचाह गर्ने भूमिका मुख्यतया महिला र केटीहरू- आमा, दिदीबहिनी, पत्नी र हजुरआमा-जसले पहिले नै घरको काम र जीविकोपार्जनसम्बन्धी गतिविधिको बोझले ओगटेका छन् । यसले सेवा नियमन गर्न राज्यको हस्तक्षेप आवश्यक छ भनी स्पष्ट रूपमा प्रमाणित गर्छ । परिस्थिति अझ खराब हुन्छ जब एक विशेष परिवारभित्र धेरै सदस्यले हेरचाह सेवा प्राप्त गर्न आवश्यक छ । यी हेरचाहकर्ताका लागि सिप विकासका अवसर अभावले यो बोझ थपिएको छ ।
हेरचाह सेवा प्रदान गर्नु सरकारको अपाङ्गता केन्द्रविन्दुहरूका लागि नयाँ वा नसुनेको मुद्दा होइन । विशेष गरी संघीय स्तरमा, अपाङ्गता भएका व्यक्तिहरूका लागि वकालत गर्ने केही संस्थाले धेरै वर्षदेखि यसका लागि जोड दिइरहेका छन् । नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसंघीय महासन्धिलगायत थुप्रै अन्तर्राष्ट्रिय मानवअधिकार सम्झौता र महासन्धिमा हस्ताक्षर गरेको छ । यी कानुनले समान आधारमा सबै नागरिकको मौलिक मानव अधिकारको रक्षा गर्ने लक्ष्य राख्छन् । विशेष गरी अपाङ्गता भएका व्यक्तिलाई आफ्नो बसोबास गर्ने ठाउँ छनोट गर्ने र ' उनीहरू कहाँ र कोसँग बस्छन् भन्ने निर्णय गर्ने, उनीहरूलाई कुनै विशेष बस्ने व्यवस्थामा बस्न बाध्य नगरिएको सुनिश्चित गर्दै' भन्ने अधिकार दिइएको छ ।
महासन्धिको धारा १९ (बी) ले अपाङ्गता भएका व्यक्तिहरूलाई 'स्वतन्त्र रूपमा बाँच्न र समुदायमा समाहित हुन' का लागि आवश्यक व्यक्तिगत सहायतासहित, आन्तरिक, आवासीय र अन्य सामुदायिक सहयोग सेवाको दायरा उपलब्ध गराउन राज्य पक्षहरूलाई आदेश दिएको छ । अलगाव वा अलगाव रोक्न थप रूपमा, यस लेखले सुनिश्चित गर्छ कि "सामुदायिक सेवा र सामान्य जनताका लागि उपलब्ध सुविधा समान रूपमा पहुँचयोग्य र अपाङ्गता भएका व्यक्तिको आवश्यकताका लागि उत्तरदायी छन् ।"
साथै, नेपालको संविधान, २०७२ ले समावेशिता र सामाजिक न्यायको परिकल्पना गर्दै प्रत्येक नागरिकलाई समानता, भेदभावविहीन र सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूले अन्य नागरिकसरह समानताका आधारमा यी अधिकार उपभोग गर्न पाउने छन् । अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित ऐन (एआरपिडी) ले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानजनक र उत्पादनशील जीवन जिउन सक्षम पार्ने उद्देश्यले विभिन्न अधिकारलाई समेटेको छ । विशेष गरी एआरपिडीको धारा ९ र धारा १८ ले समुदायमा गतिशीलता र स्वतन्त्र जीवनका लागि सहायताको अधिकारलाई जोड दिन्छ । यसबाहेक, विगतका वर्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि हेरचाह सेवाहरूको प्रावधान, तिनीहरूको सञ्चालन प्रक्रियासहित गरिएका निर्देशन मसौदा यस अवस्थामा महत्वपूर्ण छ ।

नयाँ निर्देशनहरू र परिचालन प्रक्रियाहरूको स्वीकृति, साथै प्रशिक्षित हेरचाह गर्ने कर्मचारीको निश्चित संख्याबाट सेवा सुरु गरी बिस्तारै विस्तार काम गर्दै जानु आर्थिक रूपमा व्यावहारिक हुन सक्छ । हेरचाह सेवा र मानव संसाधनको बढ्दो आवश्यकतालाई ध्यानमा राख्दै, प्रत्येक नगरपालिकाले स्थानीय जनसंख्याको दुर्दशालाई व्यावहारिक रूपमा सम्बोधन गर्न हेरचाह सेवा सुरु गर्नु बुद्धिमानी हुनेछ । यो पहलले सबैभन्दा ठुलो आवश्यकतामा परेकाहरूलाई मात्र सहयोग गर्दैन, स्थानीय युवाका लागि रोजगारीका अवसर पनि सिर्जना गर्छ । जारी आन्दोलनको सन्दर्भमा शारीरिक र मनोवैज्ञानिक रूपमा थप पीडा दिनुअघि उपाय अवलम्बन गर्न राज्य र आन्दोलनकारी समूह दुवै पक्ष जिम्मेवार हुनु पर्छ ।

प्रभावकारी समन्वय

अर्कोतर्फ, स्वास्थ्य सेवा प्रदायकबिच अपाङ्गताको सीमित ज्ञान र समझले अक्सर स्वास्थ्य सेवाको समयमै र प्रभावकारी समन्वयलाई रोक्छ । स्वास्थ्यकर्मीसँग प्रायः अपाङ्गता सँग सम्बन्धित प्राथमिक र माध्यमिक र सहरोगी अवस्था र अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य हेरचाह आवश्यकतालाई प्रभावकारी रूपमा कसरी व्यवस्थापन गर्ने भन्नेबारे पर्याप्त ज्ञान र सिपको अभाव हुन्छ । तसर्थ, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सेवाको आवश्यकताको बारेमा चेतना बढाउन र सेवामा पहुँच सुधार गर्न अपाङ्गताको बारेमा स्वास्थ्य सेवाकर्मीका लागि शिक्षा र तालिम महत्वपूर्ण छ ।
अपाङ्गता समावेशी स्वास्थ्य सेवा सुदृढीकरणले विश्वव्यापी स्वास्थ्य कवरेजलाई अगाडि बढाउँछ । अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य र कल्याणमा सुधार गर्छ । विभिन्न क्षेत्रीय सार्वजनिक स्वास्थ्य हस्तक्षेपहरू प्रयोग गर्छ । उनीहरूलाई प्रकोप वा स्वास्थ्य आपत्कालमा सुरक्षा गर्छ । तसर्थ, नयाँ हस्तक्षेपले स्वास्थ्य नीति र रणनीतिक कार्ययोजनाको केन्द्रमा अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य समानता समावेश गर्नु पर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, सबै तहमा अपाङ्गता समावेशी स्वास्थ्य सेवाको योजना र कार्यान्वयन गर्दा अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न जरुरी छ । राष्ट्रिय सभा निर्वाचनमा विभिन्न राजनीतिक दलले संघ, प्रदेश र स्थानीय तहमा जनसम्पर्कलगायतका अधिकारको प्रत्याभूति गरेको भन्दै घोषणापत्र जारी गरे पनि अपाङ्गता भएका व्यक्ति अवसरबाट वञ्चित भएको आरोप छ । संविधानको धारा ८६ ले

❖ बाँकी तेस्रो पृष्ठमा

# एमालेको धमनीमा धमिरा



• प्रा.डा. बद्रीविशाल पोखरेल

एमाले पार्टी सिद्धान्ततः शुद्ध रक्तको भण्डार हो । यो जत्तिको सही सिद्धान्त भएको पार्टी दुनियाँमा नै छैन भन्दा हुन्छ । तर यसको धमनीमा धमिरा लागेको छ र शब्दकोश अनुसार धमनी र धमनी जाल भन्नाले हृदयबाट शरीरका विभिन्न अवयवमा रगत जाने नाडी र रक्तवाहिनी वा ज्ञानवाहिनी नसाको सञ्जाल भनिँदो रहेछ । जबज नामको समृद्ध रक्तकोश पार्टीका नसा-नसामा प्रवाहित हुन पाएको छैन । पार्टीका रक्तवाहिनी र ज्ञानवाहिनी नाडी र नसाहरु अवरुद्ध पारिएका छन् । कतिपयले जानी जानी कतिले नजानी पनि नाडीहरुलाई अवरुद्ध पारेका छन् । जबजको दूरगामी ध्येय उद्धेश्य नबुझेर र नबुझाएर पनि यस्तो भएको हुन सक्छ । यसले भित्रभित्रै पार्टीलाई अन्तरध्वंश गर्न लागेको देखिन्छ । महिला हिँसा प्रमाणित नेतालाई सुधारात्मक कार्बाही पनि गर्न नसक्ने र नपाउने पार्टीको केन्द्रीय अनुशासन आयोग भएपछि पार्टीमा कस्तो अनुशासनको अपेक्षा गर्न सकिन्छ ? धेरैलाई जबजअनुसार नेपाली विशेषताको समाजवाद स्थापना गर्ने कुरामा वास्ता छ जस्तो लाग्दैन । प्रदेश सरकार अमुक शिक्षकको जन्मजयन्ती मनाउन दस लाख र अर्का धराने शिक्षक तथा बुद्धिजीवीका नामको संस्थालाई एक करोड विनियोजन गरेर रमित देखाउँछ । पार्टीका मूल काम छाडेर अहिलेदेखि पालिका प्रमुख र सांसद् पदका लागि अनेक खालका षडयन्त्रका गोप्य नाताबुना बुनिने गरेको देखिन्छ । यस्तो प्रवृत्ति अन्यत्र पनि होला । इटहरीमा कम्तीमा चौलागाई थरि नेतालाई नगर प्रमुख बनाउन हुन्न भनेर आज र अहिलेदेखि घीनलाग्दा षडयन्त्रका तानाबाना बुन्न थालिएको देखिन्छ । इटहरीका नगर प्रमुख भएका र सम्भावना भएका एक चौधरी थरि नेताले आफैँलाई खाल्टामा पुर्न तयार देखिन्छन् । तर जात भजाउन भने छाडेका छैनन् ।

आर्थिक भौतिक तथा नैतिक इमान्दारिताका विषयमा पार्टी अध्यक्ष के.पी.शर्मा ओली उदाहरणीय हुनुहुन्छ । यसको पुष्टि आफ्ना नामको सबै जायजेथा ट्रष्टलाई नामसारी गरेको कुराबाट हुन्छ भने पार्टी अध्यक्ष र प्रधानमन्त्रीका तहबाट मातहत सबलाई आर्थिक अनियमितताविरुद्ध सचेत रहन गरेको निर्देशनबाट पुष्टि हुन्छ । तथापि फतुर र भद्दा खालका आरोप भाइरल गरे-गराएको दृश्य देखेर प्रचार विभाग मौन र मुकदर्शक बनेको देखिन्छ । एउटासम्म प्रतिवादी टिप्पणीकार र लेखक उत्पादन गर्न नसक्ने विभाग नाम मात्रको हो । जुन कामको जिम्मा लिएको विभाग छ, त्यसैको सिर्जनात्मक रुपमा परिचालन गर्ने क्षमता दयनीय देखिन्छ । लेखक र लेखनमैत्रीको सर्वथा अभाव भएपछि यो भन्दा धेरै दुर्दशा आगामी दिनमा देखिने छ । एमालेमा देश र जनताका लागि इमान्दारिताका साथ क्रियाशील नेतृत्वपंक्ति रहेको छ । पार्टी उपसचिव तथा संस्कृतिविद् प्रदीप ज्ञवालीले मात्र मन्त्री पदबाट बिदा भएपछि पद बहाली हुँदासम्मका सबै आर्थिक क्रियाकलाप सार्वजनिक गर्नु भएको थियो । सबै खालका संसदीय विकृति र विसंगतिविरुद्ध उभिएर इमान्दारितापूर्वक जनसेवामा लाग्ने लोकप्रिय नेता हुनुहुँदो रहेछ । अष्टलक्ष्मी शाक्य, अमृत बोहरा, झापाका रोमनाथ ओली, अर्जुन राईलगायत देश र जनताका लागि परीक्षित इमान्दार हुनुहुँदो रहेछ । लुम्बिनी प्रदेशका भरत पोखरेलको खास कुनै पदीय आकांक्षाका खातिर हत्ते नहाली जनसेवामा हालसम्म समर्पित हुनु भएको थाहा पाएको छु । तर एमालेमा माकुने कालको १५ वर्षको गैरमार्क्सवादी र जबज प्रतिकूल अभ्यासबाट पार्टीको साख गिर्दै गएको हो र आखिर न भाले न पोथी जस्तो भएकै हो ।

त्यसको अवशेष अझै विद्यमान देखिन्छ भने बत्तीमुनि अँध्यारो हुन्छ भनेझैँ पार्टी अध्यक्ष ओलीकै इर्दगिर्दका केही मान्छे पार्टीको सिद्धान्त, नीति र आदर्शविपरीत चलिरहेको अपुष्ट रुपमा पुष्टि हुन्छ । नत्र पार्टीको दसौँ महाधिवेशनमा सर्वसम्मत समितिमा प्रस्तावित केन्द्रीय सदस्यहरुको नामावलीमा नाममा टिपेक्स लगाएर नाम थप गर्ने इर्दगिर्दकै नेता हुन् भन्ने स्पष्टै हुन्छ । हालै कोशी प्रदेशका मुख्यमन्त्रीले एक मन्त्री नियुक्त गर्दा प्रदेश अध्यक्ष र इन्चार्जलाई थाहा पत्तो दिएनन् । उनले माथि जानकारी गराएर र आदेशमा नियुक्त गरेका भने । माथि त इन्द्र भण्डारी र भट्टराईले गोरु बेचेको साइनोको मान्छे पजनी गर्न भ्याउँछन् । अध्यक्षको नाम बेचेर हिजोका भुइँमान्छेहरु काठमाडौँमा आलिसान भवन र गाडी घोडामा देखिन्छन् । यो खुला समाज हो । हर नेताका गुह्य कुरा ढिलोचाँडो थाहा पाइन्छ । पति - पत्नी, दाजु- बहिनी, ज्वाइँ- छोरी र थर गोत्र थरिलाई मनमोजी सभासद् बनाएको दृश्य देख्नेलाई लाज भएको छ । योग्य स्थानमा योग्यलाई छनौट नगरेपछि स्वाभिमानी, इमान्दार नेता र कार्यकर्तामा भित्रभित्रै असन्तुष्टिको आगो दन्किरहेको देखिन्छ ।

बाहिर हेर्दा पार्टी स्वस्थ्य देखिए पनि भित्रभित्र अस्वस्थ्य,खोक्रो रहेको दुरबिन लगाएर हेर्दा स्पष्ट हुन्छ । हालै सम्पन्न मध्यावधि निर्वाचनमा एमाले पार्टी शहरमा निक्कै कमजोर रहेको पार्टीले नै पुष्टि गरेको छ । पार्टीमा सामन्ती र हैकमवादी चरित्र र चिन्तनका अधिकांश केन्द्रीय नेताहरुले पार्टीको भुइँ तह क्षतविक्षत बनाएका छन् । सुनसरी जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं. ३ का ३४० अगुवा कार्यकर्ताहरुले हालै पार्टी परित्याग गरेका छन् र यो क्रियाकलाप रोकिने स्थिति देखिन्न । सुनसरीमा वडामा पराजितलाई जिल्ला सदस्य, अमुक नेताको पिछलग्गु भएकै भरमा जिल्ला सदस्यलगायत महत्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ । गति गरास नभएकाहरु ठालु बनेका छन् । धेरैजसो केन्द्रीय नेताहरु चरम जात,भात र नाक र नश्ल मनोवृत्तिबाट ग्रस्त देखिन्छन् । ग्रास रुट अभियानमा एक वर्षका लागि सुनसरी इन्चार्ज हुनुभएका शेरधन राईको जिल्ला पार्टीको विस्तारित भेलामा यस जिल्लाका तराई मधेसी भनिने केन्द्रीय नेताहरुले एकमुखले विरोध गरेका थिए ।

उनीहरुले राईलाई हाम्रो भाग खास्न आएको र हामीलाई तलबितल पार्न आएको भनेको मैले सुनेँ । त्यसैगरी आदिवासी र जनजाति भनिएका अधिकांश नेताहरुले खस आर्य समाजका नेता र कार्यकर्ताप्रति अझ बाहुनप्रति चरम आग्रह पूर्वाग्रह राखेको स्पष्टै देखिएको छ । एमालेभित्रै सुसुप्त तर घनीभूत रहेको जातीय संकीर्ण भावना पखाल्न पार्टीले कुनै प्रयास गरेको छैन । आफैँ भित्रका विकृति क्रमशः घटाउँदै र हटाउने हो भने कोशी नामकरण विरुद्धको रत्यौली केही हदसम्म शमन हुन्थ्यो । झुलाघाट चिवाभञ्ज्याङ यात्रा अभियान बिथोल्न कोशी प्रदेशका एमाले कार्यकर्ता नै परिचलित भएको प्रहरी प्रशासनले बताएको थियो । एमालेका जिम्मेवार नेताहरुले जात र जबज दुवै नाउँमा दुई खुट्टा राखेका छन् । मादेन थरि एक एमाले लेखक तथा बुद्धिजीवी कोशी प्रदेश नामकरण विरुद्धको आफूद्वारा लिखित पुस्तिका वितरण गर्दै थिए ।

कोशी प्रदेशको एकजना वरिष्ठ प्राध्यापकले पार्टीमा निस्वार्थ रुपमा सेवा गर्छु भन्दा नपाइने तर माथिको प्रभाव र दवावमा मन्त्री नियुक्त गर्ने,एक भोट पनि बृद्धि गर्नु त कता हो कता उल्टो भोट घटाउने कार्यकर्तालाई माथिको ठाडो निर्देशनमा प्रदेशको समानुपातिक सभासद् बनाउने जस्ता गतिविधि देखेर असाध्य चिन्तित भएको बताए । उनले यस खालको चरम विकृति टुलुटुलु हेरेर बस्न पनि नसक्ने अनि पार्टी परित्याग गर्दा झन् विकृतिको थुप्रो लाग्ने भन्दै आफू दोधारमा परेको बताए ।

भित्री रोग सूक्ष्म निरीक्षणबाट मात्र थाहा हुन्छ । सर्सर्ती र सतही रुपबाट थाहा हुँदैन । शक्ति केन्द्रका वरिपरि भन्किएका हरिया झिँगाका भरमा मात्र परेर सत्य तथ्य थाहा हुँदैन । कामका नाममा माख्खो नमार्नेहरु पोल लगाएकै भरमा अवसर छोप्छन् । अलिकति पनि तलमाथि पर्‍यो भने तीन पुस्ता खेद्ने परिपाटीले पार्टी स्वाहा हुन्छ । यति हदसम्मको संकीर्णता आकास जत्रो छाती भएको पार्टीलाई किमार्थ सुहाउँदैन । तर डा. भीम रावलको भने उनकै कारण अधोगति निश्चित देखिन्छ ।

पार्टी बिगार्ने नेता मन्त्री र माननीय हुन् भन्ने कुरा धेरै पटक प्रमाणित भएको छ । तिनले काखी च्यापेर प्रज्ञामा नियुक्तहरु,चलचित्र संस्थानमा महाप्रवन्धक बनाइएका र विभिन्न ओहोदा , पदमा बहाल गरिएका गिरी,पौडेल,उप्रेती आदि थरि अहिले खानका लागि कता पुगे थाहा छैन । बालुवामा पानी हालेपछि पार्टी प्रभाव बढ्छ ? पदराजीलाई काँधमा बोक्ने अनि कामकाजीलाई भुइँमा पछारेपछि उभो लागिँदैन । कसलाई र कस्तालाई पुरस्कृत गर्ने र प्रमोट गर्नेसम्म थाहा नपाएपछि रामराम मात्र भन्न सकिने भयो । पार्टीमा संस्कृति र सांस्कृतिक रुपान्तरण विषयको. चर्चा शून्य देखिन्छ । भाषा शिक्षा, कला र साहित्य, संस्कृति विभाग,सञ्चार र प्रकाशनजस्ता विभाग संस्कृतिका संवाहक हुन् । तर, यिनै विभागहरु सारविहीन देखिन्छन् । सारपूर्ण र गुदीदार सुझाव कोही सुन्न तयार छैन । जान्दा श्रीखण्डै श्रीखण्ड हुन्छ विभागीय इन्चार्ज आफू जान्दैन र भनको पनि मान्दैन । समस्या यहीँ देखिन्छ । प्रगतिशील राज्य र सरकारलाई गुणात्मक बनाउन प्रगतिशील कला,साहित्य र संस्कृति अपरिहार्य हुन्छ ।

राजा महाराज वा सामन्तवादले आफ्नो शासन सत्ता आम देशवासी तथा श्रमजीवी जनताको सेवा गरेर अकण्टक बनाएको होइन । यसले त उल्टो घरघरमा टोलटोलमा सञ्चार प्रचार पुराण र पूजा लगाएर त्यसका माध्यमबाट अहोरात्र भाग्यवाद पुर्पुरोवाद पढाएर आम जनताको मतिलाई चरम भ्रममा पारेर सत्तालाई दीर्घ जीवन प्रदान गरेको हो । त्यसैले देश र जनताका लागि काम पनि गर्ने र भ्रमित जनतालाई अहोरात्र सचेत पनि गराउनु पर्छ । यसमा जाने बुझ्नेदेखि सञ्चार प्रचारको सर्वोपरि भूमिका हुन्छ । पार्टीमा हर क्षेत्रमा टाउका मात्र गन्ने परिपाटीलाई अब तुरुन्त सच्याउनु पर्छ अब दिमाग वा गिदी गन्न थाल्नु पर्छ ।

अक्सर नेताहरु हस् हजुर, स्वस्तीसलाम भन्ने र गोरु बेचेको साइनोमा पर्नेहरु जहीँ तहीँ जहिले तहिले विभिन्न अवसर पाउँदा रहेछन् । अनि कसरी र केका आधारमा पार्टी प्रभाव बढ्छ ? प्रसिद्ध कलाकार तथा अभिनेता देशभक्त खनाल,प्रसिद्ध सर्जक गायत्री बिष्ट,सुप्रसिद्ध लेखक,समालोचक भिक्टर प्रधानका नाममा टिपेक्स दलेर भान्सा गर्ने र गराउने खेल अब हुन्न भन्ने उदाहरण देखिनु पर्छ र त्रि.वि.मा रेक्टर भएर त्यसलगत्तै कोशी प्रदेशको योजना आयोगको उपाध्यक्ष बनाइएका एक थरिलाई त मैले नै टेलिफोन गरेर छाँसेको थिएँ । त्यसैले विकृतिविरुद्ध एक अक्षर पनि नलेख्नु र नबोल्नु ठूलो अपराध हो । पोल्ने गरी बोलेपछि त्यसले काम गर्छ गर्छ । इमान्दारहरु हामी कति छौँ आउनहोस् हातेमालो गरेर अगाडि बढौँ,विकृतिलाई ध्वस्त पारौँ ।

नेपालका प्रमुख शक्ति र पार्टीहरु कमजोर भए भने देश कमजोर हुन्छ । देशीय अन्तरविरोधमा खेलेर देशकै अस्तित्व धरापमा परेका धेरै उदाहरण छन् । त्यसैले पनि म बारम्बार देशको राजनीतिक क्षेत्रका सबै खालका विकृतिहरुलाई परास्त गर्ने उद्धेश्यका साथ लेखिरहन्छु । पार्टीभन्दा पनि माथि रहेर लेख्न चाहन्छु किनभने देश रहेमात्र देशीय मौलिक राजनीति रहन्छ ।

मध्यावधि निर्वाचन हुने मोरङको ग्रामथानस्थित नेता चोक र सुनसरीको सत्तेरझोरा अध्ययन गर्न म गएको थिएँ । जहाँ गएँ ,त्यहाँ सिर्जनात्मक वातावरण नपाएका बुद्धिजीवी,शिक्षक,कवि र कलाकारसित भेटेँ । राजसा महासंघ कोशी मरे बाँचेको थाहा छैन तर, बहुआयामिक वरिष्ठ कलाकार ओमविक्रम ओझालगायतको हुटहुटीमा सुनसरी भने क्रियाशील रहेको छ । जान्दा घरघरमा नै पार्टी काम हुँदो रहेछ भन्ने उदाहरण राष्ट्रिय जनसंगीत संघका केन्द्रीय सदस्य बालिका पौडेलको निजी निवासमा सम्पन्न कवि कलाकारको रचनात्मक भेलाबाट थाहा हुन्छ । खाने कामभन्दा अरु काम नदेख्ने नेतृत्वको रोगले पार्टी भुइँ तहमा अत्यन्त कमजोर रहेको छ । भेटघाटका क्रममा अमुक लबीको भनेर जिम्मेवारविहीन बनाइएका लक्ष्मी पौडेललगायतको पार्टी प्रतिबद्ध भावना बुझेँ । ज्येष्ठ नागरिक साझा चौतारी समाज सेवा,२०७४ का अध्यक्ष कमल भट्टराईलाई भेटेँ । उनले दुई हज्जार जति प्रगतिशील ज्येष्ठ सदस्यलाई परिचालन गरिरहेका रहेछन् । निर्वाचनमा यस मतले जितको आशा जगाएको उनले बताए । गर्नेहरु गरिरहन्छन् । नगर्नेहरु हाइ काडिरहन्छन् । भट्टराईले झैँ गाउँ वार्ड टोलमा नै बाल,युवालगायत विभिन्न उमेर समूहलाई समूहबद्ध गरेर रचनात्मक काम गरिरहे त्यसले मौकामा ठूलो सहयोग गर्छ । चुनाव भनेको आन्दोलन हो भनेर बुझ्नै नेता दिउँसै बत्ती बालेर खोज्नु पर्छ । भुइँमान्छेले धेरै बोल्नु पनि हुन्न । नेताभन्दा बाठो हुन खोज्यो भने कार्वाही हुन पनि सक्छ । त्यसैले अलि निहुरेर हिड्नु पर्ने अवस्था छ ।

## वैदेशिक रोजगार विभागले तोक्यो अन्तिम मिति




झापा(प्रस) ।वैदेशिक रोजगार विभागले आगामी ३ पुसपछि वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू गर्ने भएको छ । पटक पटक सूचना जारी गर्दै स्थगित गर्दै आएको विभागले अन्तिम पटक मिति तोकेको हो ।

उक्त मितिमा जसरी पनि आईरिस सिस्टम लागू गर्ने विभागले जनाएको हो ।

वैदेशिक रोजगारीमा जाने कामदारको पूर्वप्रस्थान अभिमुखीकरण तालिमका लागि हाल बायोमेट्रिक प्रणालीमार्फत हाजिरी गरिँदै आएको छ । बायोमेट्रिकका कारण अनियमितता बढेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आईरिस सिस्टम लागू गर्ने निर्णय गरेको थियो । सोही आधारमा विभागले गत असोज २९ गतेदेखि आईरिस सिस्टम लागू गर्ने बताएको थियो । तर, उक्त मितिमा लागू हुन सकेन । विभागले अहिले आईरिस र बायोमेट्रिक दुवै सिस्टम लागू भइरहेको जनाएको छ ।

विभागले आईरिस सिस्टमलाई राष्ट्रिय परिचयपत्रसँग जोडेको छ । जसले गर्दा हालसम्म हुँदै आएका अनियमितामा पूर्ण रोक लाग्ने विभागको अपेक्षा छ । विभागका इन्जिनियरले अध्यागमन विभाग, राहदानी विभाग तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग समन्वय गरेर उनीहरूको सिस्टमसँग जोडेको विभागले जनाएको छ ।

हाल १४३ अभिमुखीकरण संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारलाई वैदेशिक रोजगारीमा उड्नु अगाडि अभिमुखीकरण तालिम दिने गरेका छन् । नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले व्यवसायीले झन्डै १३ करोड खर्च गरेर थप भौतिक पूर्वाधारसहितका उपकरण जडान गरेको जनाएको छ ।

## त्रिभुवन विश्वविद्यालयद्वारा ८ संकायका डीन नियुक्त



झापा(प्रस) । त्रिभुवन विश्वविद्यालयले विभिन्न ८ संकायका डीन नियुक्त गरेको छ । आइतवार बसेको त्रिवि कार्यकारी परिषद्को बैठकले ८ वटा संकायका डीन र ३ वटा अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक नियुक्त गरेको हो।

त्रिवि प्रवक्ता एमनसिंह बोहराका अनुसार मानविकी तथा सामाजिकशास्त्र संकायको डीनमा प्राडा द्विविनन्द ढकाल नियुक्त भएका छन् । त्यस्तै इन्स्टिच्युट अफ मेडिसिनको डीनमा प्राडा मोहनराज शर्मा, त्यस्तै कृषि र पशुविज्ञान अध्ययन संस्थानको डीनमा डाक्टर किशोरचन्द्र दाहाल, शिक्षाशास्त्र संकायको डीनमा प्राडा बेदराज आचार्य, वन विज्ञान अध्ययन संस्थानको डीनमा डाक्टर ठाकुर सिलवाल, व्यवस्थापन संकायको डीनमा प्राडा महानन्द चालिसे, इन्जिनियरिङ अध्ययन संस्थानको डीनमा सुशिलबहादुर बज्राचार्य, विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीनमा प्राडा शंकर खनाल नियुक्त भएका हुन् ।

त्यस्तै योजना निर्देशनालयका निर्देशकमा डाक्टर लंक्ष्मीकान्त शर्मा, शिक्षा विकास तथा अनुसन्धान केन्द्रको कार्यकारी निर्देशकमा डाक्टर राजेन्द्र कुँवर र व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको कार्यकारी निर्देशकमा प्राडा मिनाराज भण्डारी नियुक्त भएको प्रवक्ता बोहराले बताए ।

त्रिविले मेरिटोक्रेसीका आधारमा छनोट समितिले गरेको सिफारिसका आधारमा नियुक्त गरिएको प्रवक्ता बोहराले बताए ।

त्रिविका कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ७ गतेभित्र डीन नियुक्त गर्न निर्देशन दिएका थिए । भागबण्डा नमिलेपछि त्रिविले डीन नियुक्त गर्न सकेको थिएन। चौतर्फी विरोध सुरु भएपछि त्रिवि कार्यकारी परिषद्ले सिफारिमा परेका तीन जनामध्ये १/१ जनालाई नियुक्त गरिएको प्रवक्ता बोहराले बताए ।

### अपाङ्गमैत्री...

निर्वाचनमा उम्मेदवारी घोषणा गर्दा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गरेको छ । संसद्मा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व नहुनुमा राजनीतिक दलको उदासीनता र जिम्मेवारी नभएको आरोप छ । सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्ने प्रतिबद्धतासहितको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ लाई अनुमोदन गरे पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ । संविधानको धारा ८४ (३) ले राजनीतिक दल गठन र सदस्यता बाँडफाँटमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरेको छ ।

त्यसै गरी धारा १७६ ले गठनमा उनीहरूको सहभागिता सुनिश्चित गरेको छ हाम्रो सरकार अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र समस्याप्रति गम्भीर हुनु पर्छ, प्रत्येक विकास कार्यमा पहुँचलाई ध्यान दिनु पर्छ र परोपकारमा आधारित दृष्टिकोणलाई अधिकारमा आधारित दृष्टिकोणमा परिणत गर्नु पर्छ ।

'हामी अहिले सन् २०२४ को अन्त्यतिर छौँ, सन् २०३० सम्ममा हामीमा त्यस्तो आमूल परिवर्तन हुने छ भन्ने मलाई लाग्दैन तर नेपाल अपाङ्गता भएका व्यक्तिहरूका लागि थप पहुँचयोग्य र समावेशी क्षेत्र बन्ने कल्पना गरौँ ।' आशा छ कि कम्तिमा २०३० सम्म, एक अधिक समान प्रकारको विकासले हाम्रो आवाज र आकांक्षालाई एकीकृत गर्ने छ । हामीसँग थोरै राम्रो, बाधा-मुक्त र न्यायपूर्ण समाज हुने छ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१[illegible]

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । विशेष यात्रा पनि हुनसक्छ ।